# वाग्मती सफाइ महा-अभियान २०७०
## २००औं हप्ता मूल आयोजक समिति

### प्रेस विज्ञप्ति

काठमाडौं उपत्यकाको प्राचीन सभ्यताको उद्‌गमस्थल वाग्मती र यसका सहायक नदीहरु विगत चार दशकदेखि अतिक्रमित र प्रदूषित हुदै आएको हामीलाई विदितै छ । वाग्मतीको स्वच्छ पानी मुहान बाटै खानेपानीको प्रयोगका लागि लगिएको छ । घर, कलकारखाना, व्यवसायजन्य फोहोर, ढल र मलमूत्र नदीमै विसर्जन गर्ने गरिएकोले नदीहरु मृतप्राय भएको, नदीका किनाराहरु बस्न र देख्न नसक्ने गरी दुर्गन्धित र अशोभनीय भएका थिए । यसबाट नागरिकहरुको स्वास्थ्यमा गम्भीर नकरात्मक असर परेको थियो, धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु, पर्यटन र दैनिक जनजीवन समेत नराम्ररी प्रभावित भएको थियो । उपत्यकाका नदीनालाहरु धार्मिक तथा सांस्कृतिक अनुष्ठानका लागि नदी किनारमा नगई नहुने अवस्थामा आँखा बन्द गर्नुपर्ने, नाक मुख थुन्नु पर्ने अवस्था हामीले भोग्यौं। करिब ४० लाख मानिस बसोबास गर्ने काठमाडौं उपत्यका वाग्मती र यसका सहायक नदीहरुमा भएको प्रदूषण हटाउन केही प्रयासहरु भए तर ती प्रयासहरुले खास निरन्तरता पाउन सकेनन । जनसहभागिता नजुट्दा र सरकारी निकायको अभावमा भगवानदास मानन्धर तथा डा.हुताराम वैद्यजस्ता वाग्मतीको सभ्यता जोगाउन आफ्नो जीवनपर्यन्त लाग्ने अभियन्ताहरुका प्रयासबाट आशातीत उपलब्धी प्राप्त हुन् सकेनन ।

हाल २००औं हप्तासम्म पुगेको यो महाअभियान २०७० जेठ ५ गते नागरिक अभियन्ताहरुको पहल नेपाल सरकार मुख्य सचिवको सचिवालयको संयोजन तथा नेपाल सरकार सहरी विकास मन्त्रालय, काठमाडौं महा-नगरपालिका, वाग्मती सभ्यता एकीकृत विकास समिति, निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, स्थानीय निकाय, गायत्री परिवार, नेपाल एस.जी.आइ., काठमाडौं इन्जिनियरिङ्ग कलेज, एस ट्राभल्स, नेपाल विज्ञापन संघ, नेपाल चलचित्र कलाकार संघ, पेशाकर्मी, शिक्षक समेतको सहभागितामा वाग्मती सरसफाइ महाअभियानको सुरुवात भएको हो ।

यो महाअभियान जाडो, गर्मी, चाडपर्व, भूकम्प, नाकाबन्दी र थुप्रै अभावका बाबजुद निरन्तर रुपमा अगाडि बढेको छ । अहिलेसम्म करिव ५,२०,००० स्वयंसेवकको सहभागितामा उपत्यकाका सबै नदीनालाहरुबाट ७२०० मेट्रिक टन फोहर संकलन गरी व्यवस्थापन गरिएको छ । वाग्मतीका किनारमा दायाँबाँया डेढ दशकदेखि गति लिन नसकेको ढल बिछ्याउने काम यसै अभियानको बलमा अगाडि बढेको छ ।नदीकिनारा तथा स्थानीय बासिन्दाहरुको आनिबानीमा ठूलो परिवर्तन आएको छ । यसै अभियानको सिकाइबाट वाग्मती बाहेकका उपत्यकाका सबै नदी किनारमा ढल बिछ्याउने र प्रशोधन गर्ने बृहत कार्यक्रम नेपाल सरकारले ल्याएको छ । नदी किनारका अतिक्रमित जग्गा खाली गर्न र जथाभावी फोहोर फ्याक्नेलाई कानुनको कठ्घरामा उभ्याउन यो अभियानले सम्बन्धित निकायलाई घच-घचाउने काम गरेको छ । यही अभियानको प्रेरणाबाट गोकर्ण-गुह्येश्वरी खण्डमा स्थानीय समुदायको उत्कृष्ट सहभागिताका साथ पुडासैनी मैत्री समाज, हाम्रो जोरपाटी राम्रो जोरपाटी र माकलबारी समाजले संयुक्त रुपमा सफाइ संगसंगै नदीकिनारका हजारौं बिरुवाहरुको समेत संरक्षण गरेका छन । त्यस्तै तिलगंगा, रुद्रमती, विष्णुमती र नक्खुजस्ता नदीकिनार र उपत्यका बाहिर करीव २५ जिल्लामा सञ्चालित

# वाग्मती सफाइ महा-अभियान २०७०
## २००औं हप्ता मूल आयोजक समिति

सफाइ अभियानले स्थानीय समुदायको अनुकरणीय सहभागिता जुटाउन सफल भएको छ । यो अभियानको बलमा सामाजिक योगदानबाटै वाग्मती किनारमा दर्जनौ बगैंचा, पार्कहरु निर्माण भैरहेका एवं हजारौ बिरुवाहरु रोपिएका छन्।

यो अभियानले नयाँ पुस्ताका लागि विस्मृतिमा गइसकेको पूर्वीय सभ्यताको एउटा अभिन्न पाटो स्वयंसेवी भावनालाई पुनर्जागृत गरेको छ । यस अभियानले संयुक्त राष्ट्रसंघ अन्तर्गत **UN–Habitat** को एसियन टाउन स्केप अवार्ड पाउन सफल भएको छ । यसले युवा पुस्तामा आशाको संचार गर्नुका साथै गरेपछि हुँदो रहेछ भन्ने सन्देश दिएको छ । यस स्वयंसेवी अभियानको अनुसरण गर्दै भारत, बंगलादेश, कम्बोडियाजस्ता देशमा पनि नदी सफाइ अभियान भएको सूचना प्राप्त भएको छ । श्रोतमै वैज्ञानिक व्यवस्थापन नगरीकन नदीनाला सफा हुन सक्तैनन भन्ने पाठ यो अभियानले सिकाएको छ । नदीको सरसफाइलाई आफ्नो कर्तव्य ठानी सरसफाइमा अग्रसरता लिन समुदायलाई उत्प्रेरित गर्नु, उनीहरुलाई साधनश्रोत र अधिकारले सम्पन्न बनाउनु, नदीको संरक्षणबाट प्राप्त लाभमा समुदायका सबै नागरिकको हिस्सेदारी हुने अवस्था सृजना गर्नु, ठूला पूर्वाधार निर्माण तथा जोखिमयुक्त फोहोर प्रशोधनमा सरकारी निकायलाई सक्षम र जिम्मेवार बनाउनु र नदीका अतिक्रमण हटाउनु सफाइ अभियानका प्रमुख चुनौती हुन् । हामीलाई के विश्वास छ भने हामी चुनौतीको सामना गर्न सक्छौं र हामीले गर्छौं। यी सबै विषयहरु समेटर आगामी २०७३ फाल्गुन २८ गते शनिवार २०० औं हप्ताको मूल समारोहमा सरसफाइ घोषणा पत्र जारी गर्न गइरहेका छौं । यसबाट स्वच्छ र सुन्दर नेपालको सपना साकार पर्न सहयोग मिल्ने आशा लिएका छौं ।
उपर्युक्त यथार्थतालाई आत्मसात् गर्दै वाग्मती सफाइ महाअभियानको आफ्नो २०० औं सप्ताहलाई भव्यतापूर्वक मनाउने र सो अन्तर्गत निम्न कार्यक्रम तथा समारोहहरु आयोजना गर्ने भएकोले उक्त कार्यक्रममा सहभागिताको लागि सम्पूर्ण दाजुभाइ दिदी-बहिनीहरुलाई हार्दिक आह्वान गर्दछौं ।

**<u>वाग्मती सफाइ एवं पदयात्रा</u> : फागुन २८ गते शनिबार बिहान ७ बजेदेखि निम्न १८ स्थानमा हुनेछन् :-**
१.सुन्दरीजल २.भद्रबास फ्लोरी कल्चर ३.गोकर्ण ४.जोरपाटी नारायणटार पुल ५.गोठाटार पहेलो पुल ६.गुहेश्वरी ७.पशुपति राममन्दिर ८.तिलगंगा आँखा अस्पताल ९.सिनामंगल नयाँपुल १०.मिनभवन पुल ११.महादेवस्थान पुल १२.शंखमूल मनोहरा दोभान १३.धोबीखोला दोभान १४.थापाथली पुल १५.टेकु दोभान १६.बल्खु पुल १७.सुन्दरीघाट १८.चोभार जलविनायक ।

उल्लेखित विभिन्न १८ खण्डमा हुने जनचेतना अभिवृद्धि प्रचारप्रसार, सरसफाइ लगायतका कार्यक्रममा सहभागिता जनाइदिनुहुन र उक्त दिन बिहान ७:०० बजेदेखि शुरु हुने विशाल सफाइ पदयात्रामा सक्रियातापूर्वक भाग लिइदिनुहुन आह्वान गर्दछौं ।

# वाग्मती सफाइ महा-अभियान २०७०
## २००औं हप्ता मूल आयोजक समिति

**फागुन २८ गते शनिबार बिहान ९ बजे मूल समारोह, स्थान : शंखमूल मनोहरा दोभान :** सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, सम्माननीय सभामुखज्यू लगायत राज्यका विशिष्ट व्यक्तित्वहरुलाई आमन्त्रित गरिएको छ।

**आज फागुन २६ गते बिहिबार दिउसो ३ बजे, वाग्मती विशेष काव्य समारोह, स्थान : राष्ट्रिय सभा गृह भृकुटीमण्डप ।** राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यू लगायत देशका शीर्षस्थ ४० अधिक काव्यकारहरुले वाग्मतीमाथि कविता-काव्य वाचन गर्नेछन् ।)

**फागुन २७ गते शुक्रबार दिउसो १ बजे, सफाइ सम्मेलन, स्थान : पशुपति क्षेत्र सुमार्गी भवन** (उक्त सफाइ सम्मेलनमा वातावरण संरक्षण एवम सरसफाइको क्षेत्रका विशेषज्ञहरुले कार्यपत्र प्रस्तुत गर्नेछन् । सम्मेलनमा देश भरिका सफाइ अभियानका अभियन्ताहरु, स्वयंसेवकहरु, अध्ययन अनुसन्धानको क्षेत्रमा क्रियाशील संघसंस्थाहरु, सम्बद्ध सरकारी निकाय लगायत विभिन्न सरोकारवालाहरुको सहभागिता रहनेछ।)

वाग्मती सफाइ महाअभियानले २०० औं हप्ता सफलापूर्वक सम्पन्न हुन गइरहेको यस क्षणमा गत २०७० साल जेष्ठ ५ गते एउटा दृढ संकल्प र अठोट अनि केही गरौं भन्ने इच्छाशक्ति लिएर प्रारम्भ भएको यस महाअभियानमा प्रत्यक्ष, अप्रत्यक्ष जुनसुकै तवरले सहभागी हुनुहुने सम्पूर्ण सहयोगी हातहरु, अथक पाइलाहरु, पौरखी पाखुराहरु, स्वयंसेवी भावनाहरु एवं अविचलित मनहरुप्रति श्रद्धापूर्वक सम्मान प्रकट गर्दै धन्यवाद दिन चाहन्छौं । यस बीचमा आमसंचार र सामाजिक क्षेत्रका अभियन्ताहरुले निर्वाह गरेको भूमिकाको उच्च मूल्यांकन गर्न चाहन्छौं । वाग्मती सफाइ महाअभियान २०७० को २०० औं हप्ताको विशेष कार्यक्रममा सार्वजनिक हुन गइरहेको घोषणापत्रको सफल कार्यान्वयन तथा यसको निरन्तरताको निम्ति यहाँहरु सबैको सहयोग, संलग्नता, सहभागिता, समन्वय, साझेदारी र सहकार्यको अपेक्षा गर्दै प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संवैधानिक हकको प्रत्याभूतिको निम्ति आ-आफ्नो ठाउँबाट योगदान गर्न सबैप्रति हार्दिक आग्रह गर्दछौं ।

...........................
**(डा. राजु अधिकारी)**
वाग्मती सफाइ अभियन्ता
तथा
सदस्य, २०० औं हप्ता मूल आयोजक समिति

...........................
**(दिनेश कुमार थपलिया)**
सचिव
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
उप-संयोजक, २०० औं हप्ता मूल आयोजक समिति

मिति : २०७३।११।२६ गते बिहिवार, राष्ट्रिय सभागृह भृकुटीमण्डप